# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदुर पश्चिम प्रदेश, नेपाल

प.सं.: २०७८/०७९

च.नं.:

मिति :२०७८/८/१५

---

**विषय : सुचना**

धनगढी उप-महानगरपालिकाको आ.व.२०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरुमा कृषकहरुलाई अनुदान दिने कार्यक्रम रहेको हुदा अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी (२०७८ आषाढ मसान्त सम्म दर्ता/नबिकरण भएका) हरुले सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८।८।२९ गते) भित्र तपसिल अनुसारका कागजाँत सहित धनगढी उप–महानगरपालिका (कृषि बिकास शाखा) मा निबेदन पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको वा कागजाँत नपुग भएको निवेदन मान्य हुने छैन।

तपसिल

१) साना सिचाई सहयोग कार्यक्रम–(कृषक/कृषक समुह/कृषि सहकारी/कृषि उद्यमीका लागि)
स्यालो ट्युवेल जडान, मोटर र पम्पसेट खरिद आदी

(नरेन्द्र बहादुर खाती)
नि.प्रमुख प्रशासकीय अधिकृत

आवश्यक काँगजातहरु

१) निबेदन फाराम

२) कृषक समुह/कृषि सहकारी/नर्सरी/कृषि फर्म दर्ता प्रमाणपत्र

३) अनुमानित लागत अनुमान

४) कृषक समुह/सहकारीको निर्णयको फोटोकपी (सदस्यहरुबाट ब्यक्ति तोक्ने, बोरिङ गर्ने जग्गा तोक्ने र रकम ब्यहोर्ने)

५) निबेदन दर्ता गराउन वडा कार्यालयको सिफारिस

६) जग्गा धनीको नागरिकता प्रमाणपत्रको फोटोकपी

७) जग्गाधनी प्रमाण पुर्जा/जग्गा भाडामा लिएको संझौता/ऐलानी भए वडा कार्यालयको सिफारिसको फोटोकपी (कम्तीमा १ बिगाहा)

८) कृषक समुह/सहकारीबाट तोकिएको ब्यक्तिको नागरिकता प्रमाणपत्रको फोटोकपी र फोटो

९) कृषि फर्म/कृषि सहकारी/कृषि उद्यमीको लागि धनगढी उ.म.न.पा.मा ब्यबसाय दर्ता गरेको प्रमाण पत्र र स्थायी लेखा नं. भए सो को फोटोकपी।

**बिस्तृत जानकारीको लागि धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृषि बिकास शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ।**
**फोन नं. ०९१ ५२५०५९**

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.सं.: २०७८/०७९
धनगढी, कैलाली
मिति :२०७८।८।१५
च.नं.:
सुदुर पश्चिम प्रदेश, नेपाल

**विषय : सुचना**

धनगढी उप–महानगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुका लागि तपसिलका कार्यक्रमहरु (५० प्रतिशत अनुदान) संचालन गरिने भएकोले कार्यक्रममा सहभागी हुन यो सुचना प्रकाशन भएको मितिले १५ दिन (२०७८।८।२९ गते) भित्र तपशिल अनुसारका कागजातहरु संलग्न राखी तोकिएको ढाँचा अनुसारको आबेदन पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । म्याद नाघी आएको वा कागजाँत नपुग भएको निवेदन मान्य हुने छैन ।

१) ब्यवसायिक फलफुल बिकास कार्यक्रम यस कार्यक्रममा समाबेश हुनका लागि कम्तीमा ५ कट्ठा क्षेत्रमा कागती,मेवा, करा, ड्रागनफ्रुट, अम्वा आदी) खेती गर्नु पर्ने छ ।
२) कृषि बजारीकरण सामाग्री (प्लाष्टिक क्रेट, डिजिटल तराजु)
३) मौरी सामाग्री बितरण (खालीघार, गोला सहित घार, महमदानी र अन्य)
४) स्प्रेयर बितरण (प्लाष्टिकको ब्याट्रीवाला/साधारण स्प्रेयर)
५) साझेदारीमा कृषि कार्यक्रम संचालन (तरकारी, मौरी, मसला बाली) कम्तीमा ३ बिगाहामा खेती गर्नु पर्ने ।
६) एक वडा एक कृषि उत्पादन लक्षित कार्यक्रम (कम्तीमा ५ बिगाहामा बसन्ते मकै, तरकारी, केरा, खुर्सानी, बदाम, मुङ, हलदी)
७) खाद्यान्न बालीमा बीउ उपयोग अनुदान (मकैको उन्नत बीउ र हाईब्रिड बीउ)

..............................
(नरेन्द्र बहादुर खाती )
नि प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजात**

१. निबेदन ।
२. नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी
३. कृषक समुह/सहकारी/फर्म दर्ता भएको प्रमाण पत्र र पान नं. लिएको भए सो र नगरपालिकामा व्यवसाय दर्ता प्रमाण पत्रको फोटोकपी
४.खेती गरिने जग्गाको जग्गा धनी दर्ता प्रमाणपुर्जा/सम्झौता/ऐलानी जग्गा भए वडाको सिफारिस
५.कार्यक्रममा सहभागी गराउने बारे वडा कार्यालयको सिफारिस

बिस्तृत जानकारीको लागि धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृषि बिकास शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ ।
फोन नं.०९१–५२५०५९